# पूर्व जानकारी

New Hampshire Immunization Information System

**यदि तपाई ंयस फार्मेसी वा क्लिनिकमा खोप प्राप्त गर्दै हुनुहुन्छ भने, तपाईंको खोप सम्बन्धि विवरण न्यू ह्याम्पशायर इम्म्युनाइजेसन इन्फर्मेसन सिस्टम (NHIIS) मा पठाइने हुन सक्छ।**

## NHIIS भनेको के हो?

न्यू ह्याम्पशायर इम्म्युनाइजेसन इन्फर्मेसन सिस्टम (NHIIS) भनेको सार्वजनिक स्वास्थ्य सेवा विभाग, न्यू ह्याम्प्शायर (DPHS) द्वारा सिर्जना गरिएको हेल्थ इन्सुरेन्स पोर्टेबिलिटी एण्ड एकाउन्टेबिलिटी एक्ट (HIPAA) अनुरूपको, वेब (अनलाइन) मा आधारित एक प्रणाली/प्रविधि हो। NHIIS खोपहरू जहाँसुकै लगाए पनि भ्याक्सिन रेकर्डहरू अद्यावधिक राख्ने नि:शुल्क, सुरक्षित र सजिलो तरिका हो। न्यू ह्याम्पशायर खोप दर्ता गर्ने राज्यहरूमा राष्ट्रको पचासौँ राज्य हो।

## यसले मलाई कसरी असर गर्दछ?

- तपाई ंसहमत हुनुभयो भने तपाईंको विवरण तपाईंको प्रदायक कार्यालय, फार्मेसी वा क्लिनिकबाट स्वचालित रूपमा NHIIS मा पठाइनेछ।
- तपाईंको खोपको विवरण सुरक्षित रूपमा तपाई ंर तपाईंको प्रदायकको लागि आवश्यक परेको बेला हेर्नको लागि भनेर रेकर्ड गरिनेछ।
- तपाईंले स्कूल, चाइल्ड केयर, वा समर क्याम्पहरूका लागि आफ्नो वा आफ्नो बच्चाको खोप रेकर्डको प्रतिलिपि डाउनलोड गर्न सक्नुहुन्छ।

## NHIIS मा कस्ता विवरणहरू रिपोर्ट गरिन्छन्?

- नाम, ठेगाना, फोन नम्बर, र इमेल जस्ता आधारभूत विवरण।
- जनसांख्यिकीय विवरण जस्तै लिङ्ग, जाति।
- खोप विवरण जस्तै खोपको प्रकार, लट नम्बर, म्याद सकिने मिति, र दिइएको मिति।

## कसरी चयन गर्ने:

- तपाईंसँग सेवा प्रदायकलाई जानकारी गराइ आफ्नो विवरण NHIIS मा पठाउने वा नपठाउने बारे निर्णय लिने अधिकार छ। यसको लागि तपाईंलाई एउटा छुट्टै फारम भर्नुपर्ने हुन सक्छ।
- यदि तपाई ंआफ्नो विवरण खुला गर्न रोज्नुहुन्छ भने, तपाईंलाई तपाईंको/तपाईंको बच्चाको विवरण खुला गर्नको लागि स्पष्ट सहमति प्रदान गर्न आवश्यक हुनेछ र तपाईंको/तपाईंको बच्चाको खोप विवरण NHIIS मा प्रविष्ट गरिनेछ।
- यदि तपाई ंखुला नगर्न रोज्नुहुन्छ भने, तपाईंको जानकारी NHIIS मा प्रविष्ट गरिने छैन।

NH DIVISION OF Public Health Services
Department of Health and Human Services

थप जानकारीको लागि आफ्नो सेवा प्रदायक/फार्मेसिस्टसँग कुरा गर्नुहोला वा तलको लिंक भिजिट गर्नुहोला: https://www.dhhs.nh.gov/programs-services/disease-prevention/immunizations/nh-immunizationinformation-system